# प्रदेश नं. २

# आकस्मिक कोष संचालन

# विधेयक

२०७५

प्रदेश सभा सचिवालय

प्रदेश नं. २

प्रदेश आकस्मिक कोष सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक

प्रमाणिकरण मिति

२०७५..................

सम्वत २०७५ सालको ऐन नम्वर........

प्रस्तावना: प्रदेश सभाबाट स्वीकृत विनियोजित रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरी सुव्यवस्थित ढंगले कोषको संचालनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २१२ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम " प्रदेश आकस्मिक कोष ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद लगायत अन्य आकमिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल ब्यवस्थापन गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

३. **प्रदेश आकस्मिक कोष स्थापना :** प्रदेश आकस्मिक कोषको नामले प्रदेश सरकारले एउटा कोष स्थाप्ना गर्नेछ।

४. **प्रदेश आकस्मिक कोषमा जम्मा गरिने रकम :** प्रदेश सञ्चित कोषवाट विनियोजित गरे बमोजिमको रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिने छ।

५. **प्रदेश आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने :** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गर्न सक्नेछ।

६. **प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने :** प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमवाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ।

७. **प्रदेश आकस्मिक कोषको सञ्चालन :** (१) प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ। (२) प्रदेश आकस्मिक कोषबाट निकासा भएको रकमको स्रेस्ता र हिसाब अनुसूची - १ बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।

८. **आकस्मिक कोषबाट रकम निकासको माग:** (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ।

(२) उपदफा(१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्वन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछ :

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र औचित्यको पुष्टयाई तथा रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) तुरुन्त खर्च नगरेमा हुने सम्भावित परिणाम,

(घ) कति अवधिसम्मको लागि खर्च चाहिने हो सो विवरण,

(ङ) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय ।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश सरकार समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

९. <u>खर्चको रकम सोधभर्ना गर्नुपर्ने</u> : (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशिघ्र सोधभर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ ।

१०. <u>आकस्मिक कार्य पुरा भएको सूचना गर्ने</u> : आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने

अधिकारीले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा तुरुन्त दिनु पर्नेछ ।

११. **<u>खर्च नभएको रकम प्रदेश आकस्मिक कोषमा दाखिला गर्ने</u>** : (१) प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्न सम्भावना छैन भन्ने यकिन गरेको मितिले पैंतिस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश आकस्मिक कोषमा दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो अधिकारीले सोको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

१२. **<u>अनुसूची हेरफेर गर्न सक्ने</u>** : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

१३. **<u>नियम बनाउन सक्ने</u>**: प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।